अछाम र वाजुरा भ्रमण तथा कार्यक्रम सम्बन्धी प्रतिवेदन

नाम: महेन्द्र मान गुरुङ्ग

पद: प्रमुख सूचना आयुक्त

कार्यालय: राष्ट्रिय सूचना आयोग

कार्यक्रमको नाम: सूचनाको हक सम्बन्धी जिल्लास्तरीय र स्थानिय तहमा अन्तरक्रिया कार्यक्रम

कार्यक्रम भएको स्थान: मंगलसेन, अछाम जिल्ला र बडीमालिका नगरपालिका, बाजुरा जिल्ला ।

कार्यक्रमको उद्येश्य: सूचनाको हक सम्वन्धी व्यवस्थाको प्रभावकारी कार्यन्वयन गर्न गराउन सचेतना ।

कार्यक्रम भएको अवधि: २०७९ पुस १३ र १४ गते

भ्रमण अवधि: २०७९ पुस ११ देखि १८ सम्म ।

भ्रमण दलमा संलग्न पदाधिकारीहरु:

सचिव श्री दिवस आचार्य

उपसचिव श्री राम प्रसाद ढकाल

लेखा अधिकृत श्री विदुर प्रसाद भण्डारी

लेखापाल श्री लक्ष्मण अर्याल

1 सूचनाको हक सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम, अछाम

२०७९ पुस १३ गते

कार्यक्रममा अछाम जिल्ला स्थित सार्वजनिक निकायका कार्यालय प्रमुखहरु, सूचना अधिकारीहरु, सूचनाको हकका अभियन्ताहरु, सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो । सहभागीको संख्या ७३ रहेकोमा महिला ६ र पुरुष ६७ रहेका थिए ।

कार्यक्रमको अध्यक्षता: राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्ग

प्रमुख अतिथि: जिल्ला समन्वय समितिका प्रमुख श्री ललित बहादुर कुँवर

कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री ललित बहादुर कुँवरले उद्घाटन गर्नु भएको थियो । प्रमुख अतिथि कुँवरले सूचनाको हकको माध्यमबाट सर्वसाधारण जनतालाई यथाशक्य बढी सूचना प्रवाह गर्नुपर्ने, जिल्लाका सार्वजनिक निकायहरुमा जनशक्तिको कमीका कारण यदाकदा सूचना

उपलब्ध गराउन बाधा पुग्ने गरेको, तर जनताले माग गरेको सूचना उपलब्ध गराउन पर्ने विचार व्यक्त गर्दै सूचनाको हकको पालना गर्न गराउन सवैलाई अनुरोध तथा निर्देशन दिनु भयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले सूचनाको हकको प्रावधान २०४७ को संविधान देखि नै प्रवेश पाएता पनि कार्यन्वयनमा आउन जनआन्दोलन पश्चातको संसद कुर्नु परेको, त्यस वेलाको संसदले सूचनाको हक सम्वन्धी कानून २०६४ सालमा जारी गरे पश्चात मात्र यथार्थ रुपमा कार्यन्वयनमा आएको, संवैधानिक र कानूनी व्यवस्था वारे कार्यालय प्रमुख तथा सूचना अधिकारीहरु जानकार रहेको, कार्यन्वयनमा मात्र केहि समस्या रहेको, तर कानूनी व्यवस्थाको पालना गर्नु गराउनु सवैको कर्तव्य भएको हुंदा कार्यन्वयनवाट भाग्न नसकिने विचार व्यक्त गर्नु भयो । साथै कुनै पनि सार्वजनिक निकायले सूचनाको हक सम्वन्धी निवेदन तोक लगाउन नपर्ने, इमेलवाट समेत सूचना माग्न र उजुरी गर्न पाइने, suchanaadhikari नाममा इमेल बनाउन पर्ने, स्वत प्रकाशन नियमित रुपमा गर्न पर्ने (स्वत प्रकाशनको टेम्प्लेट प्रयोग गर्न सकिने, सजिलो रहेको), स्वत प्रकाशन भनेको कार्यालय र कार्यालय प्रमुखको स्वप्रचार पनि भएको, सूचना सम्वन्धी अभिलेख राख्नु पर्ने, सूचना उपलब्ध गराउने मूख्य जिम्मेवारी कार्यालय प्रमुखको रहेको, सूचनाको हक सम्वन्धी विषयहरुमा जानकारी लिन आयोगको वेवसाइट, फेसवुक पेज र ट्वीटर ह्याण्डलमा हेर्न, १० पेजको निशुल्क सूचना उपलब्ध गराए पछि मात्र शुल्क दाखिला गर्न लगाउन पर्ने, सूचना मागकर्तालाई सहजीकरण गरिनु पर्ने निर्देशन दिनु भयो । विद्यालयको पाठ्यममा सूचनाको हक राख्न प्रयास भईरहेको, सार्वजनिक निकाय र सूचना मागकर्ताका लागि छट्टाछट्टै सहयोगी पुस्तिका तयार हुंदै गरेको, गत वर्ष ७८ प्रतिशत भन्दा बढी स्थानिय तहसंग सम्वन्धित पुनरावेदन आयोगमा परेको, हालसम्म ३३ जना माथि कारवाही भएको र कारवाही कसैमाथि गर्न नपरोस भन्ने धारणा आयोगको रहेको, सूचना तत्काल दिने गर्न पर्ने, कानूनी राज्यका नागरिक भएकोले कानून पालनावाट कसैले छुट नपाउने, विशेष गरी स्थानिय तहहरुले सूचनाको हक सम्वन्धी वजेट तथा कार्यक्रम राखी सूचना दिन सहजीकरण गर्न पर्ने, सूचना अधिकारीलाई सुविधा दिने तथा तालिम कार्यक्रम अयोजना गर्न अनुरोध गर्नु भयो । सहभागीहरुले राखेका जिज्ञाशा तथा सुझावहरुलाई पनि प्रमुख आयुक्तले संवोधन गर्नु भएको थियो । सहभागीहरु, सञ्चारकर्मी तथा जनप्रतिनिधि र विशेष गरी जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख प्रति आभार व्यक्त गर्नु भयो । साथै अछाम जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई कार्यक्रम सञ्चालनमा सहयोग गरी सफल बनाई दिनु भएकोमा धन्यवाद दिनु भयो ।

कार्यक्रममा आयोगका सचिव श्री दिवस आचार्यले सूचनाको हक सम्वन्धी प्रस्तुतिकरण राख्नु भएको थियो । प्रस्तुतिकरणमा सूचनाको हकको संवैधानिक तथा कानूनी व्यवस्था, सूचना अधिकारीको काम कर्तव्य अधिकार, सूचनाको आयोगको भुमिका, प्रमुख जिल्ला अधिकारीको भुमिका, सजाय तथा क्षतिपुर्ति सम्वन्धी व्यवस्था, आयोगले कार्यक्रमवाट राखेको अपेक्षा र सूचनाको हक सम्वन्धी तथ्याङ्क समावेश गर्नु भएको थियो । सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्न गराउन उपस्थित सवैमा सचिव आचार्यले अनुरोध गर्नु भएको थियो ।

कार्यक्रममा अछाम जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रामदत्त पाण्डेयले अछाम जिल्लामा सूचनाको हक कार्यन्वयनमा निराशा हुनुपर्ने अवस्था नरहेको, सूचनाको हक लोकतन्त्रको आधार भएको, सूचना अधिकारी तोकिएको, सूचनाको हकका क्षेत्रमा कर्मचारीको क्षमता अभिवृद्धी गरिनुपर्ने, मागेको सूचना

उपलब्ध गराउने गरेको, कानूनको पालना गर्न गराउन सबै प्रमुखहरुलाई निर्देशन दिंदै अछाम जिल्लामा कार्यक्रम राखि दिएकोमा आयोगलाई धन्यवाद दिनु भएको थियो ।

कार्यक्रममा सहभागिहरुलाई आयोगका तर्फवाट स्वागत गर्दै आयोगका उपसचिव श्री राम प्रसाद ढकालले सूचनाको हकका विविध पक्ष वारेमा छोटो व्याख्या र कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै सबैमा सकृया सहभागिताका लागि अनुरोध गर्नुभएको थियो ।

कार्यक्रममा सहभगिता जनाउदै रेडियो गाउंघर एफएमका श्री टेक बहादुर थापाले सूचनाको हक सम्बन्धी प्रक्रिया स्पष्ट नहुंदा समस्या भएको, सर्वसाधारण नागरिकलाई सूचनाको हक कसरी बुझाउने, कतिपय कार्यालयमा सूचना अधिकारीको नाम देखाउनका लागि मात्र राख्ने गरिएको सूचना नदिन गरिएको, अधिकांश पालिकामा सूचना नदिएको अवस्था, सामाजिक परिक्षण तथा सुनुवाई पनि नहुने गरेको, गोरखापत्रका संवाददाता श्री शिवराम ढुगांनाले सूचनाको हक पत्रकारका लागि मात्र हो की जस्तो भएको, प्रक्रिया पुऱ्याएर माग्ने नगरिएको, कतिपय कार्यालयले सामाजिक संजालको सदुपयोग गरेको, नागरिक सम्म पुऱ्याउन नसकिएको, सूचना दिंदा केहि हुन्छकी भन्ने चिन्ता, गोपनियताको शपथको असर होकी, सूचनाको अभिलेख पनि भताभुगं, वेवसाइटहरु अपडेट छैनन, सूचना अधिकारीलाई प्रंशिक्षण पो आवश्यक हो की, सूचनाको हक संजाल महासंघ जिल्ला प्रमुख श्री तपेन्द्र कुंवरले स्थानिय तहले आफ्नो बजेट तथा कार्यक्रम अझै पनि राखेका छैनन, कतिपयको सूचना रेडियोमा सुन्न पाइन्छ तर सूचना सबैका लागि उपलब्ध हुनुपर्ने, जिल्ला प्रशासन कार्यलयका सूचना अधिकारी श्री दिपेन्द्र रिमालले ३/३ महिनामा सूचना अधिकारीहरुको बैठक बस्ने गरेको, तर कतिपयले सहभागी हुन आनाकानी गर्ने गरेको, तालिम प्रशिक्षण भए राम्रो, सूचना अधिकारीलाई पनि सुविधा सीम लगायत भए राम्रो, जिल्ला प्रहरी कार्यालयका नि प्रमुख श्री कैलाश सिंह विष्टले मासिक विवरण सार्वजनिक गर्ने गरेको, फेसवुकवाट पनि सूचना दिने गरेको, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख श्री झपट राज ढुगांनाले कर्मचारी सरुवा वा विदामा हुंदा समस्या हुने गरेको, सूचना माग प्राय मौखिक रुपमा आउने, प्रकयृागत रुपमा माग हुने नगरेको, सांफेवगर नगरपालिकाका सूचना अधिकारी श्री अम्वर बहादुर वोहराले सूचना दिन मिल्ने नमिल्ने तथा सूचना अधिकारीले सूचना दिंदा हुने की नहुने भन्नेमा अन्यौल हुने गरेको विचार राख्नु भएको थियो ।

कार्यक्रमको सञ्चालन आयोगका लेखा अधिकृत विदुर प्रसाद भण्डारीले गर्नुभएको थियो । यस कार्यक्रमका लागि रु १४०,३७०।- खर्च भएको थियो ।

2 सूचनाको हक सम्बन्धी अन्तरक्रिया कार्यक्रम, बडीमालिका नगरपालिका, बाजुरा

२०७९ पुस १४ गते

कार्यक्रममा बडीपालिका नगरपालिकाका वडाध्यक्षहरु, विद्यालयका प्रधानाध्यपकहरु, कर्मचारीहरु, सूचना अधिकारी, बाजुरा जिल्लाका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुखहरु, सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो । सहभागीको संख्या ९४ रहेकोमा महिला १३ र पुरुष ८१ रहेका थिए ।

कार्यक्रमको अध्यक्षता: राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्ग

प्रमुख अतिथि: बडीपालिका नगरपालिकाका प्रमुख श्री अमर खड्का

कार्यक्रमका प्रमुख अतिथि बडीपालिका नगरपालिकाका प्रमुख श्री अमर खड्काले उद्घाटन गर्नु भएको थियो । प्रमुख अतिथि खड्काले स्थानिय तहको दोश्रो कार्यकाल भएको, संघीय र प्रदेशको निर्वाचनका कारण त्यति काम गर्न नपाइएको, कार्यपालिकाका निर्णयहरु वेवसाइट मार्फत सार्वजनिक गर्ने गरिएको, नगरपालिका सम्बन्धित सूचनाहरु सवै नागरिकसम्म कसरी पुऱ्याउने भन्ने वारेमा लागेका छौं, आफुसंचारमा नै काम गरेकोहुंदा सूचनाको महत्व थाहा भएको, सूचना केन्द्र नै स्थापना गरेर सूचना दिने सोचमा छौ, नगरपालिकामा जनशक्ति तथा प्रशिक्षण कमी खट्किएको छ, कतिपय सूचनामा वैयक्तिक गोपनियमिताको विषय सूचनाको हकको माध्यमबाट सर्वसाधारण जनतालाई यथाशक्य बढी सूचना प्रवाह गर्नुपर्ने, जिल्लाका सार्वजनिक निकायहरुमा जनशक्तिको कमीका कारण यदाकदा सूचना उपलव्ध गराउन बाधा पुग्ने गरेको, तर जनताले माग गरेको सूचना उपलव्ध गराउन पर्ने विचार व्यक्त गर्दै सूचनाको हकको पालना गर्न गराउन सवैलाई अनुरोध तथा निर्देशन दिनु भयो ।

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्र मान गुरुङ्गले सूचनाको हकको प्रावधान २०४७ को संविधान देखि नै प्रवेश पाएता पनि कार्यन्वयनमा आउन जनआन्दोलन पश्चातको संसद कुर्नु परेको, त्यो संसदले सूचनाको हक सम्वन्धी कानून २०६४ सालमा जारी गरे पश्चात मात्र यथार्थ रुपमा कार्यन्वयनमा आएको, संवैधानिक र कानूनी व्यवस्था वारे कार्यालय प्रमुख तथा सूचना अधिकारीहरु जानकार रहेको, कार्यन्वयनमा मात्र केहि समस्या रहेको, तर कानूनी व्यवस्थाको पालना गर्नु गराउनु सवैको कर्तव्य भएको हुंदा कार्यन्वयनवाट भाग्न नसकिने विचार व्यक्त गर्नु भयो । साथै कुनै पनि सार्वजनिक निकायले सूचनाको हक सम्वन्धी निवेदन तोक लगाउन नपर्ने, इमेलवाट समेत सूचना माग्न र उजुरी गर्न पाइने, suchanaadhikari नाममा इमेल बनाउन पर्ने, स्वत प्रकाशन नियमित रुपमा गर्न पर्ने (स्वत प्रकाशनको टेम्प्लेट प्रयोग गर्न सकिने, सजिलो रहेको), स्वत प्रकाशन भनेको कार्यालय र कार्यालय प्रमुखको स्वप्रचार पनि भएको, सूचना सम्वन्धी अभिलेख राख्नु पर्ने, स्थानिय तह अन्तर्गकका कार्यालय तथा संस्थाहरु (विद्यालय, सहकारी लगायत) पनि सार्वजनिक निकाय भएकोले सूचनाकोहक कार्यन्वयन गर्नपर्ने, सूचना उपलव्ध गराउने मूख्य जिम्मेवारी कार्यालय प्रमुखको रहेको, सूचनाको हक सम्वन्धी विषयहरुमा जानकारी लिन आयोगको वेवसाइट, फेसवुक पेज र ट्वीटर ह्याण्डलमा हेर्न, १० पेजको निशुल्क सूचना उपलव्ध गराए पछि मात्र शुल्क दाखिला गर्न लगाउन पर्ने, सूचना मागकर्तालाई सहजीकरण गरिनु पर्ने, स्थानिय तहमा वैयक्तिक गोपनियताका वाहेक अन्य कुनै पनि विषय गोप्य हुने सभावना नरहेको हुंदा सवै सूचना उपलव्ध गराउन पर्ने निर्देशन दिनु भयो । विद्यालयको पाठ्यक्रममा सूचनाको हक राख्न प्रयास भईरहेको, सार्वजनिक निकाय र सूचना मागकर्ताका लागि छट्टाछट्टै सहयोगी पुस्तिका तयार हुंदै गरेको, गत वर्ष ७८ प्रतिशत भन्दा बढी स्थानिय तहसंग सम्वन्धित पुनरावेदन आयोगमा परेको, हालसम्म ३३ जना माथि कारवाही भएको र कारवाही कसैमाथि गर्न नपरोस भन्ने धारणा आयोगको रहेको, सूचना तत्काल दिने गर्न पर्ने, विशेष गरी स्थानिय तहहरुले सूचनाको हक सम्वन्धी वजेट तथा कार्यक्रम राखी सूचना दिन सहजीकरण गर्ने, सूचना अधिकारीलाई सुविधा दिने तथा तालिम कार्यक्रम अयोजना गर्न अनुरोध गर्नु भयो । सहभागीहरुले राखेका जिज्ञाशा तथा सुझावहरुलाई पनि प्रमुख आयुक्तले संवोधन गर्नु भएको थियो । कानूनी राज्यका नागरिक भएकोले कानून पालनावाट कसैले छुट नपाउने भन्दै सहभागीहरु, सञ्चारकर्मी तथा जनप्रतिनिधि र विशेष गरी नगरपालिका प्रमुख प्रति आभार व्यक्त गर्नु भयो । साथै बाजुरा जिल्लाका प्रमुख जिल्ला अधिकारी लगायत सुरक्षा निकायका प्रमुखहरुलाई कार्यक्रम आयोजना गरी सफल बनाई दिनु भएकोमा धन्यवाद दिनु भयो ।

कार्यक्रममा आयोगका सचिव श्री दिवस आचार्यले सूचनाको हक सम्वन्धी प्रस्तुतिकरण राख्नु भएको थियो । प्रस्तुतिकरणमा सूचनाको हकको संवैधानिक तथा कानूनी व्यवस्था, सूचना अधिकारीको काम कर्तव्य अधिकार, सूचनाको आयोगको भुमिका, प्रमुख जिल्ला अधिकारीको भुमिका, सजाय तथा क्षतिपुर्ति सम्वन्धी व्यवस्था, आयोगले कार्यक्रमवाट राखेको अपेक्षा र सूचनाको हक सम्वन्धी तथ्याङ्क समावेश गर्नु भएको थियो । कानूनी व्यवस्थाको पालना गर्न गराउन सचिव आचार्यले अनुरोध गर्नु भएको थियो ।

कार्यक्रममा बाजुरा जिल्लाका नि प्रमुख जिल्ला अधिकारी श्री लोकेन्द्र बहादुर विष्टले बाजुरा आजको कार्यक्रमवाट सूचना पाउने वातावरण सहज हुने, सवैले सूचनाको हककोसम्मान गर्नु पर्ने, यसवाट पारदर्शिता कायम हुने, शुसासन कायम गर्न सघाउ पुने, सूचना प्रविधिको अधिकदम सदुपयोग गर्न जरुरी, महिनाको प्रत्येक ४ गते सूचना अधिकारीहरुको बैठक बस्ने गरेको, पटक पटक सूचना उपलव्ध गराउन निर्णय गर्ने गरिएको, जानकारी दिंदै बाजुरा जिल्लको बडीमालिका नगरपालिकामा कार्यक्रम राखि दिएकोमा आयोगलाई धन्यवाद दिनु भएको थियो ।

कार्यकममा सहभागिहरुलाई आयोगका तर्फवाट स्वागत गर्दै आयोगका उपसचिव श्री राम प्रसाद ढकालले सूचनाको हकका विविध पक्ष वारेमा छोटो व्याख्या र कार्यक्रमको उद्येश्य माथि प्रकाश पार्दै सवैमा सकृया सहभागिताका लागि अनुरोध गर्नुभएको थियो ।

कार्यक्रममा सहभगिता जनाउदै नेपाल टेलिभिजनका संवाददाता श्री प्रकाश सिंहले बाजुरा जिल्लामा स्वत प्रकाशन त्यति भएको देखिदैन, सूचना अधिकारीहरु नै सूचनावाट वंचित, बैंक वित्तिय संस्थाहरु सार्वजनिक निकाय हुन कि हैनन, संयुक्त राष्ट्रसंघीय निकायहरुमा सूचना माग्न पाइने कि नपाइने, सूचनादाताको संरक्षणमा आयोगको कार्य, पत्रिकामा आएका समाचारका वारेमा पनि सूचना भएको यस्तोमा के गर्ने, नेपाल समाचारपत्रका संवाददाता श्री दयाराम पण्डितले सूचनाको हकका प्रयोगकर्ता पत्रकार मात्र हुन की भन्ने कुरा आइरहन्छ, मागेको सूचना समयमा पाइदैंन, आर्थिक सूचना माग्दा कार्यालयको गोपनियता भनिन्छ, पालिकाहरु सार्वजनिक भन्दा पनि रोजेको माध्यमवाट मात्र जान खोजेको देखिन्छ, सवैका लागि हुनुपर्ने हैनर, वेवसाइट जिल्ला प्रशासन कार्यालयको वाहेक अरुको अपडेट भएको पाइदैन, सामाजिक क्षेत्रमा काम गर्ने संस्थाले पनि सूचना दिन पर्ने हो वा होइन, गैर सरकारी महासंघ, वाजुराका अध्यक्ष श्री महेश जोशीले आयोगले गरेका कामका वारेमा पनि ३/३ महिनामा जानकारी दिए राम्रो, सूचनामागकर्तालाई शत्रुनै मान्ने हाम्रो चलन, आयोगबाट कारवाही भएको छ की छैन भन्ने विचार राख्नु भएको थियो ।

नगरपालिकाका प्रमुखले राष्ट्रिय सूचना आयोगलाई मायाको चिन्ह प्रदान गर्नुका साथै स्थानिय उत्पादनबाट बनेको अत्यन्त स्वादिष्ट खाजाका परिकार खुवाउनुभएको थियो ।

कार्यक्रमको सञ्चालन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रंगमल विकले गर्नुभएको थियो । यस कार्यक्रमका लागि रु १४३,१००।- खर्च भएको थियो ।

3 भ्रमणका क्रममा अछाम जिल्लाका सार्वजनिक निकायहरुको सूचनाको हक कार्यन्वयन सन्दर्भमा छोटो सर्वेक्षण गरिएको थियो । त्यसको परिणाम देहाय बमोजिम रहेको छ ।

१ सर्वेक्षणमा संलग्न सार्वजनिक निकायहरुको संख्या १५

२ सूचना माग भएको निकायको संख्या ७ (स्थानिय तह ५ अन्य २)

३ स्वत प्रकाशन गरेका निकायको संख्या ६

४ स्वत प्रंकाशन नगरेका निकायको संख्या ९

५ सूचना माग विवरण

	माग भएको संख्या	सूचना दिएको संख्या	नदिएको संख्या
➢ आव २०७४/७५ मा	१	०	१
➢ आव २०७५/७६मा	१	१	०
➢ आव २०७६/७७ मा	०	०	०
➢ आव २०७७/७८ मा	११	११	११
➢ आव २०७८/७९ मा	३६	३४	२
➢ आव २०७९/८० मा (हालसम्म)	१९	१६	३

६ सर्वेक्षण गरिएको निकाय मध्ये ४० प्रतिशतले स्वत प्रकाशन गरेको पाइयो । ६ आर्थिक वर्षमा जम्मा ६८ वटा सूचना माग भएकोमा ६२ वाट सूचना उपलव्ध गराइएको अर्थात ९१ प्रतिशत सूचना उपलव्ध गराइएको र ६ वटा सूचना उपलव्ध नगराइएको पाइएको छ ।